मिति :- २०७९/०८/२८ गते

समय :- विहान ११:०० बजे

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको १० औं **बैठक** नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**मिति २०७९/०८/२८ गतेको नगर कार्यपालिकाको १० औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | स्वरोजगारीका लागि व्यवसाय प्रवर्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको स्वरोजगारीका लागि व्यवसाय प्रवर्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने । | |
| ४ | करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ प्रथम संशोधन सम्बन्धी प्रस्ताव । | करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ प्रथम संशोधन गर्ने । | |
| ५ | चौरजहारी नगरपालिकाको उद्योगग्राम सञ्चालन कार्यविधि, २०७९ सम्बन्धी प्रस्ताव । | चौरजहारी,नगरपालिकाको 'उद्योगग्राम सञ्चालन कार्यविधि, २०७९' स्वीकृत गर्ने । | |
| ६ | स्थानीय तहमा दिगो विकास लक्ष्यको कार्यान्वयन बारे छलफल गर्ने सम्बन्धी प्रस्ताव । | स्थानीय तहले आधारभूत स्वास्थ्य, शिक्षा, खानेपानी तथा ढल निकास, विद्युत, सामाजिक सुरक्षा, वातावरण संरक्षण र साना पूर्वाधार जस्ता विषयमा स्थानीय तहले योजना र वार्षिक विकास कार्यक्रममा दिगो विकासका १७ वटा लक्ष्यहरूलाई समेट्ने गरी योजनाको प्राथमिकता र सोको कार्यान्वयन गर्ने । | |
| ७ | कृषक सहकार्य समूहको दोस्रो किस्ता बापतको रकम मागको | कृषक सहकार्य समूहलाई प्रदान गर्ने सहुलियत ऋण वापतको पहिलो किस्ता | |

शिरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | लागि सिफारिस गर्ने सम्बन्धी प्रस्ताव। | प्राप्त समूहहरूलाई दोस्रो किस्ता उपलब्ध गराइदिन राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय चौरजहारीलाई अनुरोध गर्ने। | |
| ८ | पशु ढुवानी मापदण्ड अनुसार बाख्रा ढुवानी गर्ने चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने सम्बन्धी प्रस्ताव। | पशु ढुवानी मापदण्ड अनुसार बाख्रा ढुवानी गर्ने चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने। | |
| ९ | पकेट स्थापना तथा सञ्चालनका लागि प्राविधिक समितिको निर्णय अनुमोदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आर्थिक विकास शाखामार्फत् सञ्चालन हुने पकेट स्थापना तथा सञ्चालनका लागि बसेको प्रावधिक समितिको मिति २०७९ मङ्सिर १२ गतेको निर्णय अनुमोदन गर्ने। | |
| १० | युनिसेफबाट प्राप्त बाल संरक्षण कार्यक्रमका लागि प्राप्त बजेट स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव। | युनिसेफबाट प्राप्त बाल संरक्षण कार्यक्रमका लागि प्राप्त बजेट स्वीकृत गर्ने। | |
| ११ | अपाङ्गता व्यवस्थापन एवम् मुलप्रवाहीकरण सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धी प्रस्ताव। | अपाङ्गता व्यवस्थापन एवम् मुलप्रवाहीकरण सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने। | |
| १२ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन तथा तहगत क्षेत्र तोक्ने सम्बन्धी प्रस्ताव। | यस चौरजहारी नगरपालिका र राष्ट्रिय भूमि आयोगबीच मिति २०७९/०५/०४ गते भएको कार्य सहमति पत्र बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गर्ने तथा तहगत क्षेत्र तोक्ने। | |
| १३ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव। | १. चौरजहारी नगरपालिका वडा नं. १, रुकुम (पश्चिम) मा रहेको आधारभूत विद्यालय नाखिराको शैक्षिक ब्लक **'बी'** भवन निर्माणको लागि प्रतिबद्धता गरिएको Value | |

शेरप्रसाद ढकाल
सि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | | Added Tax (VAT) र Tax Deducted at Source (TDS) रकम दिने ।<br>२. चौरजहारी नगरपालिकाका नगर प्रमुखको खाना खर्च स्वरुप रकम प्रदान गर्ने ।<br>३. चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) मा सञ्चालन गरिने प्रदेश स्तरीय रङ्गशाला परियोजनाको लागि आवश्यक जग्गाको निर्णय गरिदिन मिति २०७९/०४/३१ गते पठाइएको जग्गाको विवरण सच्याइ पुन: सम्बन्धित मन्त्रालयलाई पत्र लेखि पठाउने ।<br>४. नवप्रवर्तन साझेदारी कोषमार्फत् परियोजना सञ्चालनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रदेश कार्यक्रम कार्यान्वयन इकाइ वीरेन्द्र नगर सुर्खेतमा लागत साझेदारीको प्रतिवद्धतासहित अवधारणा पत्र पेस गर्ने ।<br>५. चौरजहारी नगरपालिका - ८ स्थित श्री जनचेतना आधारभूत विद्यालय अंगेरीको मिति २०७९ साउन ८ गते राति आएको अविरल वर्षाका कारण शौचालय र भवनमा क्षति पुऱ्याएकोले शौचालय र भवन मर्मतका लागि रकम भुक्तानी दिने । | |

प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## मिति २०७९/०८/२८ गतेको १० औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट असअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त तथ्य र सुझाव बारे यस चौरजहारी नगरपालिका उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको मासिक प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'स्वरोजगारीका लागि व्यवसाय प्रवर्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको स्वरोजगारीका लागि व्यवसाय प्रवर्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ प्रथम संशोधन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आवश्यकता अनुसार करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ लाई संशोधन गर्न आवश्यक भएकोले देहायबमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

| दफा / उपदफा / खण्ड | हालको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|---|
| परिच्छेद - ५ को दफा (१२) | **तलब भत्ता सम्बन्धी व्यवस्था**<br>१. मा.वि. तह (९-१०) विज्ञान / गणित (बि.एस्सी. वा सो सरह) -३००००/-<br>२. मा.वि. तह (९-१०) अन्य विषय - २५०००/-<br>३. आधारभूत तह (६-८) विज्ञान / गणित | **तलब भत्ता सम्बन्धी व्यवस्था**<br>१. मा.वि. तह (९-१०) विज्ञान / गणित (बि.एस्सी. वा सो सरह) -३२०००/-<br>२. मा.वि. तह (९-१०) अन्य विषय - २७०००/-<br>३. आधारभूत तह (६-८) विज्ञान / |

| | | |
|---|---|---|
| | (+२ विज्ञान) – २२०००/-<br>४. आधारभूत तह (६-८) अन्य विषय – २००००/-<br>५. आधारभूत तह (१-५) – १५०००/-<br>६. आधारभूत तह (१-३) – १५०००/-<br>७. बाल विकास केन्द्र – नेपाल सरकारको प्रचलित स्केल बमोजिम | गणित (+२ विज्ञान) – २४०००/-<br>४. आधारभूत तह (६-८) अन्य विषय – २२०००/-<br>५. आधारभूत तह (१-५) – १८०००/-<br>६. आधारभूत तह (१-३) – १८०००/-<br>बाल विकास केन्द्र – नेपाल सरकारको प्रचलित स्केल बमोजिम |

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'चौरजहारी नगरपालिकाको उद्योगग्राम सञ्चालन कार्यविधि, २०७९ सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको उद्योगग्राम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरी आर्थिक वर्ष २०७९/०८० मा सङ्घीय सरकारबाट प्राप्त ३ करोड बजेट सोही कार्यविधिबमोजिम यस चौरजहारी नगरपालिका ११ मा रहेका देहायका उद्योग सञ्चालन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. बीउ प्रशोधन उद्योग
२. कापी उद्योग
३. जुस उद्योग
४. गार्मेन्ट उद्योग
५. दाना उद्योग
६. टिस्यु कल्चर

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'स्थानीय तहमा दिगो विकास लक्ष्यको कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नेपाल सरकारले दिगो विकासका लक्ष्यहरू कार्यान्वयनको मार्गचित्र २०१६-२०३० निर्धारण गरी कार्यान्वयनमा रहेबमोजिम यस स्थानीय तहको भूमिका पनि महत्त्वपूर्ण हुने भएकोले जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत स्वास्थ्य, शिक्षा, खानेपानी तथा ढल निकास, विद्युत, सामाजिक सुरक्षा, वातावरण संरक्षण र साना पूर्वाधार जस्ता दिगो विकासका १७ वटा लक्ष्यहरूलाई समेट्ने गरी वार्षिक योजना तथा कार्यक्रममा प्राथमिकता र सोको कार्यान्वयन सम्बन्धमा छलफल गर्नुका साथै आगामी योजनामा प्राथमिकता दिने निर्णय गरियो ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'कृषक सहकार्य समूहको दोस्रो किस्ता बापतको रकम मागको लागि सिफारिस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको रोहबरमा राष्ट्रिय वाणिज्य बैंकमार्फत् कृषक सहकार्य समूहलाई प्रदान गरिने सहुलियत ऋण वापतको पहिलो किस्ता प्राप्त समूहहरूलाई दोस्रो किस्ता उपलब्ध गराइदिन राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय चौरजहारीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'पशु ढुवानी मापदण्ड अनुसार बाख्रा ढुवानी गर्ने चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९ /०८० को स्वीकृत 'पशु ढुवानी मापदण्ड अनुसार बाख्रा ढुवानी गर्ने चार पाङ्ग्रे सवारी साधन खरिद' कार्यक्रमअनुसार डबल क्याब भएको बोलेरो गाडी प्राविधिक लागत अनुमानका आधारमा खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : प्रस्ताव नं. ९ 'पकेट स्थापना तथा सञ्चालनका लागि प्राविधिक समितिको निर्णय अनुमोदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आर्थिक विकास शाखामार्फत् सञ्चालन हुने पकेट स्थापना तथा सञ्चालनका लागि बसेको प्रावधिक समितिको मिति २०७९ मङ्सिर १२ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० **'युनिसेफबाट प्राप्त बाल संरक्षण कार्यक्रमका लागि प्राप्त बजेट स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकालाई युनिसेफबाट आर्थिक वर्ष २०७९/०८० मा बाल संरक्षण कार्यक्रम कार्यान्वनयका लागि प्राप्त रु. ११,४३,६५०। (एघार लाख त्रिचालिस हजार छ सय पचास) बजेट तोकिएको शीर्षकमा खर्च गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'अपाङ्गता व्यवस्थापन एवम् मुलप्रवाहीकरण सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको अपाङ्गता व्यवस्थापन एवम् मुलप्रवाहीकरण सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. १२** : प्रस्ताव नं. १२ **'भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन तथा तहगत क्षेत्र तोक्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका र राष्ट्रिय भूमि आयोगबीच मिति २०७९/०५/०४ गते भएको कार्य सहमति पत्र बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत सङ्कलन मिति २०७९/०९/२० गतेभित्र सम्पन्न गर्ने र यस कार्यको लागि सम्बन्धित वडामा कार्यरत वडा सचिवहरूलाई खटाउने । साथै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ को उपदफा २ (ख) बमोजिम चौरजहारी नगरपालिकाले लगत सङ्कलन विवरण तथा तथ्याङ्क सङ्कलन गरी प्रमाणीकरण गर्ने कार्यलाई व्यवस्थित गर्न देहाय अनुसार बस्तीको तहगत क्षेत्र तोक्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | तहगत क्षेत्र | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | शहरी क्षेत्र | चौरजहारी भ्यालीको सम्पूर्ण भूभाग | चौ.न.पा. - १, २ र ३ |
| २ | शहरोन्मुख क्षेत्र | विजयश्वरी बजार, मेलैनाउली बजार, नार्जीबजार, शान्तिबजार, चन्द्रबजार, चौफाबजार र नुवाकोट बजार | चौ.न.पा. - २, ७, १२, ११ र १४ |
| ३ | ग्रामीण क्षेत्र | शहरी क्षेत्र र शहरोन्मुख क्षेत्र तोके बाहेकको सम्पूर्ण भूभाग | चौ.न.पा. |

**निर्णय नं. १३** : प्रस्ताव नं. १३ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका वडा नं. १, रुकुम (पश्चिम) मा रहेको आधारभूत विद्यालय नाखिरामा आर्थिक वर्ष २०७८/०७९ मा जापान राजदुतावासको स्वीकृत कार्यक्रमअनुसार शैक्षिक ब्लक **'बी'** भवन निर्माणको लागि बजेट माग गर्दा यस नगरपालिकाको च.नं. ३, मिति २०७८ साउन ४ गतेको पत्रबाट Value Added Tax (VAT) र Tax Deducted at Source (TDS) दिने प्रतिबद्धता पत्र पठाएबमोजिम सोही बमोजिमको रकम दिने निर्णय गरियो ।

**निर्णय नं. १४** : प्रस्ताव नं. १३ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाका नगर प्रमुखको खाना खर्च स्वरूप २०७९ पुस १ गतेदेखि लागू हुने गरी मासिक रू. १५,०००/- (अक्षरूपी पन्ध्र हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १५** : प्रस्ताव नं. १३ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) मा सञ्चालन गरिने कर्णाली प्रदेश स्तरीय रङ्गशाला परियोजनाको लागि आवश्यक जग्गाको विवरण सहित मन्त्रिपरिषद् निर्णयको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाइएको विवरण र नगर कार्यपालिकाको मिति २०७९/०४/३१ गतेको निर्णयअनुसार तिलक विष्टको नाममा रहेको कि.न. २२९८ क्षेत्रफल १५१.२५ व.मी. भनिएको जग्गा जिल्ला नापी र मालपोत कार्यालयको विवरण अनुसार हर्कबहादुर विष्टको नाममा रहेको र उक्त जग्गा विक्रि वितरण भइ कित्ताकाट हुदा उक्त जग्गा हर्क बहादुर विष्टको नाममा कि.न. २८४८ क्षेत्रफल ७१.२५ व.मी. र हरीप्रसाद जैसीको नाममा कि.न. २८४७ क्षेत्रफल ८० व.मी. कायम भएको देखिएकोले यसअघि जग्गा प्राप्तिको लागि पठाइएको विवरणमा कित्ता नं. २२९८ को कित्ताकाट भइसकेकोले उक्त कित्ताबाट कायम भएका कि.न. २८४८ र २८४७ को मात्र निर्णय गराउन तथा २२९८ कि.न. हटाउन सम्बन्धित मन्त्रालयलाई पत्र लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. १६ :** प्रस्ताव नं. १३ **'विविध समसायमिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित विभिन्न ३७ वटा सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाइमा प्रविधिको उपयोग गर्न **'एक शिक्षक एक ल्यापटप : एक कक्षाकोठा एक प्रोजेक्टर कार्यक्रम'** कार्यान्वयन गर्न नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम कुल लागतको २५ प्रतिशतले हुन आउने ३७ लाख ३५ हजार रकम यस चौरजहारी नगरपालिकाले लागत साझेदारी गर्ने प्रतिवद्धतासहित नवप्रवर्तन साझेदारी कोषमार्फत् परियोजना सञ्चालनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रदेश कार्यक्रम कार्यान्वयन इकाइ वीरेन्द्र नगर सुर्खेतमा अवधारणा पत्र पेस गर्ने निर्णय गरियो। साथै कार्यक्रम कार्यान्वयनको लागि तपसिलबमोजिमको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

श्री श्रीकृष्ण शर्मा – संयोजक ( कार्यपालिका सदस्य / नगर शिक्षा समिति सदस्य)
श्री शेरप्रसाद ढकाल – सदस्य (नि. प्रमुख प्रशासकीय अधिकृत)
श्री धर्मराज विष्ट – सदस्य (सूचना प्रविधि अधिकृत)

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १६ :** प्रस्ताव नं. १३ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका - ८ स्थित श्री जनचेतना आधारभूत विद्यालय अंगेरीको मिति २०७९ साउन ८ गते राति आएको अविरल वर्षाका कारण शौचालय र भवनमा क्षति पुऱ्याएकोले शौचालय र भवन मर्मतका लागि प्रकोप व्यवस्थापन कोष खाताबाट उक्त विद्यालयलाई रु. ३०,०००।- (तीस हजार) रकम भुक्तानी दिने निर्णय गरियो।

**यसरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख